**Sudurpaschim Spectrum**
A Multidisciplinary, Peer Reviewed Journal
ISSN: 3021-9701 (Print)
DOI:
Published by Faculty of Humanities and Social Sciences
Far Western University, Mahendranagar, Nepal

# 'मान्छेको पहिचान र म' कवितामा रसविधान

**सङ्गीता श्रेष्ठ**
Email: Sangitashrestha855@gmail.com

**लेखसार**

प्रस्तुत अध्ययनमा साहित्यकार रामप्रसाद ज्ञवालीको 'मान्छेको पहिचान र म' कवितालाई केन्द्रमा राखी त्यसमा अभिव्यक्त रसविधानको विश्लेषण गरिएको छ । 'मान्छेको पहिचान र म' कवितामा रसहरूको प्रयोग के कसरी भएको छ भन्ने मूल समस्यामा केन्द्रित रही समाधान गर्ने उद्देश्य रहेको छ । जात, भाषा, रूपरङ र भूगोलका आधारमा मान्छेको पहिचान छुट्याउनुको सट्टा मानवता, श्रम, मौलिकता र सहअस्तित्वमा आधारित पहिचानको पक्षमा कविले आवाज उठाएका छन् । यस अध्ययनमा भरतमुनिको रससूत्रलाई सैद्धान्तिक आधार मान्दै विभाव, अनुभाव र सञ्चारी भावका माध्यमबाट निगमनात्मक र पाठविश्लेषण विधिको अबलम्बन गरिएको छ । कवितामा शान्त रस मुख्य रूपमा आएर मानवताको विवेकपूर्ण दृष्टि प्रस्तुत गरेको छ भने सहायक रसका रूपमा वीर रसले श्रम, साहस र कर्मप्रेमलाई अभिव्यक्त गरेको छ र रौद्र रसले अन्याय, ईर्ष्या र कुसंस्कारविरुद्धको विद्रोही चेतना प्रस्तुत गरेको छ । यसरी रसविधानको सन्तुलित प्रयोगले कविता केवल सौन्दर्यपूर्ण कृति मात्र नभई सामाजिक चेतना, राष्ट्रिय एकता र परिवर्तनको मार्गदर्शक सन्देश बनेको छ भन्ने निष्कर्ष निकालिएको छ ।

***मुख्य शव्दावली:*** आक्रोश, परिस्थिति, पीडादायी, व्यभिचारी, स्थायी

## विषय परिचय

साहित्यकार रामप्रसाद ज्ञवाली (वि.सं. २०२४) द्वारा लिखित 'मान्छेको पहिचान र म' कविता उनको इन्द्रधनुष (२०७६) कविता सङ्ग्रहमा सङ्गृहीत कविता हो । उनी उनको कविता सङ्ग्रहमा पुतली र झुसिल्किरा (२०५९), असुरग्याँस (२०६२), शब्दार्थ सौन्दर्य (२०६८) रहेका छन् । नेपाली कविताका क्षेत्रमा शास्त्रीय छन्दका सफल प्रयोगक्ता, प्रगतिवादी मान्यता, राष्ट्र र राष्ट्रियताप्रति प्रतिबद्ध, श्रम, मौलिकता र एकताको पक्षधर कवि हुन् । 'मान्छेको पहिचान र म' कवितामा कविले आफ्नो व्यक्तिगत दृष्टिकोणबाट जात, भाषा, रङ, भूगोल जस्ता बाह्य आधारहरूभन्दा माथि उठेर मानव नेपाली समाजको बहुपहिचानलाई एकताको मानव सूत्रमा बाँच्ने प्रयत्न गरेका छन् । चाडपर्व, कला, सङ्गीत कृषि, उद्योग र सामाजिक परिवर्तन सबैलाई समेटेर कविताले आधुनिक नेपाल निर्माणको दर्शन प्रस्तुत गर्छ । रस कविताको महत्त्वपूर्ण आत्मास्थानिक तत्त्व हो । जसले काव्य आस्वाद्य हुन्छ । सामान्यतया रस यस्तो तरल पदार्थ हो जसलाई चुस्न चाट्न सकिन्छ । रस त्यस्तो सारभूत तत्त्व पनि हो जो वस्तुको हृदयकेन्द्रमा आत्माको रूपमा रहन्छ (उपाध्याय, २०७९, पृ. १८) ।

रस यस्तो वस्तु हो जसले पाठकको मनलाई कृतिको माध्यमबाट आल्हादित गराउँछ। रसको बारेमा विभिन्न विद्वानहरूको मतमतान्तर फरकफरक पाइयता पनि साहित्यमा नवरस हुन्छ भनी प्रमाणित गर्ने एघारौं शताब्दीका साहित्यशास्त्री अभिनव गुप्त हुन् ।

पूर्वीय काव्यशास्त्रले निर्धारण गरेको आत्मस्थानिक रस नौ किसिमका छन् तिनको छोटो चर्चा यसरी गरिन्छ : १ शृङ्गार रस : यो प्रेम, सौन्दर्य र आकर्षण प्रकट गर्ने रस हो । प्रिय-प्रेयसीबीचको रतिको भाव विभाव-अनुभावले सजिँदा शृङ्गार रस उत्पन्न हुन्छ। यसको स्थायी भाव रति वा प्रेम हो । २.हास्य रस : हास्य रस रमाइलो, विनोद र हाँसो उत्पन्न गर्ने रस हो । मनोविनोदको भावलाई विभिन्न परिस्थिति र व्यवहारले जागृत गर्दा हास्य रस उत्पन्न हुन्छ। यस रसको स्थायी भाव हाँसो हो । ३.करुण रस : यो दया, पीडा र दुःख उत्पन्न गर्ने रस हो । आत्मीय जनले पाएको दुःख वियोग, मरण वा पीडादायी घटनाले उत्पन्न गरेको शोकले करुण रस उत्पन्न हुन्छ। यसको स्थायी भाव शोक हो । ४. रौद्र रस : क्रोध, आक्रोश र विनाशकारी भाव प्रदर्शन गर्ने रस हो। अपमान, अन्याय वा प्रतिशोधका कारण उत्पन्न क्रोधलाई रौद्र रस भनिन्छ। यसको स्थायी भाव क्रोध हो। ५.वीर रस : यो वीरता, साहस र पराक्रमको अभिव्यक्ति गर्ने रस हो। शत्रुसँगको युद्ध वा चुनौती सामना गर्दा उत्पन्न उत्साह वीर रस हो। यसको स्थायी भाव उत्साह हो। ६.भयानक रस : यो त्रास, डर र आतङ्क प्रकट गर्ने रस हो । भूतप्रेत, कुनै भयानक परिस्थिति, वस्तु, घटना, दृश्य देख्दा उत्पन्न हुने भावलाई भयानक रस भनिन्छ। यसको स्थायी भाव भय हो। ७.वीभत्स रस : यो घृणा, विकर्षण र अस्वीकृति उत्पन्न गर्ने रस हो। कुरूप, अशुद्ध वा दुर्गन्धित वस्तु देख्दा उत्पन्न हुने भाव नै वीभत्स हो। यसको स्थायी भाव जुगुप्सा वा घृणा हो। ८.अद्भुत रस : यो कौतुहल, अचम्म र विस्मय उत्पन्न गर्ने रस हो। अनौठा, चमत्कारी वा अप्रत्याशित घटनाले उत्पन्न विस्मय अद्भुत रस हो । यसको स्थायी भाव विस्मय (आश्चर्य) हो । ९.शान्त रस : सन्तोष, धैर्य र आध्यात्मिक आनन्द दिने रस हो । इच्छाहरूको नियन्त्रण र आत्मसन्तुष्टिले उत्पन्न भाव शान्त रस हो। यसको स्थायी भाव शम वा निर्वेद हो ।

प्रस्तुत रामप्रसाद ज्ञवालीका कवितामा आजसम्म रस विधानका दृष्टिले कुनै पनि अनुसन्धान भएको छैन। यसर्थ उनको इन्द्रधनुष (२०७६) कविता सङ्ग्रहमा सङ्गृहीत 'मान्छेको पहिचान र म' कवितामा रसहरूको प्रयोग के कसरी भएको छ भन्ने मूल समस्यामा केन्द्रित रही समाधान गर्ने उद्देश्य प्रस्तुत लेखमा राखिएको छ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनमा 'मान्छेको पहिचान र म' कवितामा अभिव्यक्त रसविधानको विश्लेषण गरिएको छ। रामप्रसाद ज्ञवालीको मान्छेको पहिचान र म' कविता प्राथमिक स्रोतका रूपमा रहेको छ र द्वितीयक सामग्रीका रूपमा रसविधानसँग सम्बद्ध अनुसन्धानात्मक लेख र साहित्य समीक्षाहरू समावेश गरिएको छ । प्राथमिक र द्वितीयक सामग्रीहरू पुस्तकालय कार्यबाट सङ्कलन गरिएका हुन् । प्रस्तुत लेखको विषयवस्तु विश्लेषणका लागि पूर्वीय रससिद्धान्तबाट सैद्धान्तिक आधार प्रस्तुत गरिएको छ। रससूत्रलाई सैद्धान्तिक पर्याधारका रूपमा प्रयोग गर्दै निगमनात्मक र पाठविश्लेषण विधिको अबलम्बन गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

साहित्यिक रसबारे प्रथम विमर्श गर्ने व्यक्ति भरतमुनि हुन् । उनको संस्कृत काव्य चिन्तन परम्परामा महत्त्वपूर्ण

योगदान रहेको छ । पूर्वीय काव्यशास्त्रमा आचार्य भरतमुनिद्वारा स्थापित रस नै रससिद्धान्तको आधारभूमि रहेको छ । उनले "विभावानुमावव्यभिचारि संयोगात रसनिष्पत्ति" भन्ने सूत्रमा विभाव, अनुभाव र व्यभिचारी भावको संयोगबाट रस निष्पत्ति हुन्छ भनेर व्यक्त गरेको परिभाषा नै नाटकमा रसनिष्पत्ति-सम्बन्धी पहिलो मत रहेको छ । जसरी अनेक प्रकारका व्यञ्जनहरू, औषधीहरू र द्रव्यहरूको संयोगले (भोग्य) रसको निष्पत्ति हुन्छ, जसरी गुडादि द्रव्यहरू व्यञ्जनहरू र औषधीहरूबाट षाडवादी रस बन्दछ, त्यसैगरी अनेक भावहरू (विभाव, अनुभाव र व्यभिचारी भावले संयुक्त भएर स्थायी भावले पनि (नाट्य) रसको रूप लिन्छ (शर्मा र लुइटेल, २०७६) । अर्थात् खानपानमा विभिन्न मरमसलाको मिश्रणबाट अन्तिम स्वाद तयार हुन्छ त्यसैगरी साहित्यमा पनि विभिन्न प्रकारका भावहरूको समिश्रणबाट काव्यकृतिको निर्माण हुन्छ । माथिको रससूत्रका आधारमा विभाव, अनुभाव र सञ्चारी भावले मानवमनमा सुसुप्त भएर बसेका स्थायी भावलाई जागृत गराई रसानुभूत्रि निर्माण गर्दछ भन्ने सैद्धान्तिक आधार निर्माण गर्दछ । यहाँ रससूत्र वा रससामग्रीको छोटो परिचय प्रस्तुत गरिएको छ ।

रसानुभूतिको पहिलो चरणका रूपमा विभाव रहेको छ । वाचिक, आङ्गिक र सात्विक अभिनयका माध्यमले चितवृत्तिको विभावन वा ज्ञापन गराउने कारणलाई विभाव भनिन्छ (थापा, २०८०) । कुनै पनि साहित्यिक कृतिमा भाव उत्पन्न गराउने कारण वा परिस्थिति नै विभाव हो । यसले हृदयमा रहेका रति, शोकजस्ता स्थायी भावलाई जागृत गराउने काम गर्छ। विभाव २ प्रकारका हुन्छन ती हुन् : आलम्बन विभाव र उद्दीपन विभाव । आलम्बन विभाव भन्नाले जसलाई सोचेर, सम्झेर मनमा भाव उत्पन्न हुन्छ त्यसलाई आलम्बन विभाव भनिन्छ । आलम्बन विभाव पनि दुई किसिमका हुन्छन्, ती हुन् : आश्रय आलम्बन र विषय आलम्बन । जुन व्यक्तिमा स्थायी भाव स्थापित हुन्छ त्यो आश्रय आलम्बन हो भने जसलाई लक्ष्य गरेर स्थायी भाव अङ्कुरित हुन्छ त्यसलाई विषयालम्बन भनिन्छ । बाह्य वातावरण वा परिस्थितिले आलम्बन विभावसँग सम्बन्धित भएर भावलाई जागृत गराउँछ त्यो नै उद्दीपन विभाव हो । यसले रसलाई अगाडि बढाउन मद्दत गर्दछ । कुनै पनि पात्रको चेष्ठा, कार्यव्यपार, घटना, शारीरिक विकार आदिलाई अनुभाव भनिन्छ । यो विभावद्वारा प्रकाशित भावलाई रसरूपमा पुऱ्याउने कारण हुन् । विभावादि भाव व्यक्त भएपछि उत्पन्न हुने भएकाले यिनलाई अनुभाव भनिएको हो । त्यसैले यिनलाई भावको कार्य पनि भनिन्छ । कायिक, वाचिक, अहार्य र सात्विक गरी अनुभाव चार प्रकारका छन् । विश्वनाथको वर्गीकरणलाई उद्धृत गर्दै केशवप्रसाद उपाध्यायले अनुभावका अङ्गज, स्वभावज र सात्विक भेद उल्लेख गर्दै अङ्गजका ३. स्वभाजका २५ र सात्विकका आठ उपभेद रहने चर्चा गरेका छन् (रेग्मी, २०१३) । यी अनुभावले स्थायी भाव उत्कर्षमा पुऱ्याउन महत्त्वपूर्ण भूाका खेल्छन् ।

व्यभिचारी वा सञ्चारी भाव रससिद्धान्तको तेस्रो महत्वपूर्ण सामग्री हो । स्थिर रूपले रहने रति आदि स्थायीभावमा कहिले अनुभूत हुने र कहिले दबिने किसिमका अस्थिर वा चलनशील भाव व्यभिचारी वा सञ्चारी कहिन्छन् । निर्वेद, आवेग, दैत्य, श्रम, मद, जडता, उग्रता आदि व्यभिचारी हुन् र यिनको सङ्ख्या ३३ मानिएको छ (उपाध्याय, २०५९, पृ. २०७) । व्यभिचारी भावले स्थायी भावलाई सहयोग गर्ने कहिले देखिने, कहिले लुक्ने अस्थिर भाव हुन् । यी भावहरू स्थायी भावजस्तै स्थिर हुँदैनन् तर त्यसलाई गहिरो र प्रभावकारी बनाउन काम गर्छन । व्यभिचारी भाव एउटै रसमा मात्र सीमित रहदैन अन्य रसमा पनि सञ्चरण भइराख्छ । रससूत्रले निर्दिष्ट गरेका रससामग्रीले मानव मनमा रहेका स्थायी भावलाई सुसुप्तावस्थाबाट जागृतावस्थामा ल्याई रसानुभुतिको अवस्थामा पुऱ्याउने  काम गर्दछ । मानवमनमा स्थायी रूपले रहने भावलाई स्थायी भाव भनिन्छ । स्थायी भाव रसस्वादनको मूल जरो हो । स्थायी भाव अन्य सबै भावहरू भन्दा उत्तम हुन्छ

(भट्टराई, २०६९, पृ. ३०) । स्थायी भाव त्यस्तो प्रमुख भाव हो जसले सम्पूर्ण वर्णनीय विषयको समाप्ति पछि स्थिर भएर रहन्छ । प्राचीन कालदेखि नै रसलाई विभिन्न अर्थमा प्रयोग गरेको पाइन्छ । रसलाई पदार्थ रस, आयुर्वेदको रस, भक्तिको रस र साहित्यको रस गरी चार प्रकारमा विभाजन गरेको पाइन्छ । यस अध्ययनमा चर्चा गरेको रस साहित्यिक रस हो । पूर्वीच साहित्य सिद्धान्तमा रसको सङख्या बारे मतभिन्नता देखिन्छ । साहित्यमा नवरसको प्रयोग अभिनव गुप्ताले गरेका हुन् । यिनै नवरस मध्ये 'मान्छेको पहिचान र म' कवितामा रसविधानको मूल्याङ्कन गरिएको छ ।

## नतिजा र छलफल

रामप्रसाद ज्ञवालीको 'मान्छेको पहिचान र म' कवितामा मानवीय चिन्तन, समनता, मौलिकता, मूल्य र आदर्शलाई केन्द्रमा राख्दै जात, भाषा, संस्कृति, रङप्रति गरेको विभेदपूर्ण अवस्थालाई प्रस्तुत गरिएको छ। यो कविता इन्द्रधनुष (२०७६) कविता सङ्ग्रहमा सङ्गृहीत छ । यो समयमा नेपालमा राजनीतिक सांस्कृतिक परिवर्तन र बहुदलीय समाज गठनको प्रारम्भिक चरण, बहुसांस्कृतिक परिदृश्यमा लेखन तथा प्रकाशन भएको कविता हो ।

### मान्छेको पहिचान र म कवितामा रसको प्रयोग

'मान्छेको पहिचान र म' कविता इन्द्रधनुष कविता सङ्ग्रहमा सङ्गृहीत २०७६ सालमा प्रकाशित कविता हो । मान्छेको पहिचान जात, रङ्गभेद, गोरे , काले वा बाह्य रूपले छुट्याउने होइन् त्यो मान्छेले गरेको कर्म र सङ्घर्षले हो, न भौगोलिक आधारमा हो भन्ने विषयलाई केन्द्रमा राखी कविता सिर्जना गरेका छन् । रामप्रसाद ज्ञवाली एक शास्त्रीय र रसवादी कवि हुन् । उनका प्रत्येक काव्य कृतिमा रसभावको प्रयोग पाइन्छ । प्रस्तुत कवितामा विषयवस्तु, भाव र प्रसङ्ग अनुसार रसको प्रयोग गरिएको छ। साहित्य चिन्तन परम्परामा शृङ्गार, वीर, हास्य, करूण , रौद्र, भयानक, अदभुत, बीभत्स र शान्त रस गरी नव रसको चर्चा गरिएको पाइन्छ । यिनै रसका आधारमा कवितामा मुख्य रसको रूपमा शान्त रस आएको छ भने सहायक रसका रूपमा  वीर रस र रौद्र रस आएर कवितालाई पूर्णता दिएका छन् । यहाँ कवितामा प्रयुक्त रसका बारेमा विश्लेषण गरिएको छ ।

### शान्त रसको अभिव्यक्ति

मानवमनको स्थिर अवस्था शान्त हुनु हो जसमा लोभ ,मोह , क्रोध , केही हुन्न केवल शान्ती मात्रै हुन्छ । तत्वज्ञान-वैराग्य- आशय शुद्धि आदि विभावबाट यो रस उत्पन्न हुन्छ (भट्टराई, २०७७ पृ. १४३) । यो संसार अनित्य नैराश्य विनाशशील छ भन्ने भावनाबाट उत्पन्न हुने रस नै शान्त रस हो । यसको स्थायी भाव निर्वेद हो । मानव चित्तवृत्तिमा उत्पन्न हुने वैराग्यवोधको प्राप्ति वा साधरणीकरणको अवस्थालाई शान्त रस भनी परिभाषित गरेका छन् । काव्यशास्त्रीहरूले शान्तरसको विभावअन्तर्गत आलम्बन विभावका रूपमा संसारको अनित्यता अर्थात् क्षणभङ्कुरता रहने विषयलाई प्रस्तुत गरेका छन् । प्रस्तुत रसका उद्दीपन विभावका स्थानमा लोकविश्वासमा अकिञ्चन पवित्रस्थल मानिएका ठाउँहरू जस्तैः मन्दिर, तीर्थस्थल, देवस्थल, कोलाहलरहित एकान्तस्थल आदि रहने गर्दछन् (रेग्मी, २०१३, पृ. ३१-५४) । शान्त रस केवल आध्यात्मिक मौनता मात्रै होइन सक्रिय सहअस्तित्वको प्रतीक बनेर पनि आउँछ । मानव जीवनको मूल पहिचान दिने क्रममा तलको कविता आएको छ । जस्तै :

मान्छेको पहिचान हुन्छ पहिलो मान्छे बन्यो जे हुँदा

जेले मानवता चुलिन्छ, सुनझैं चम्किन्छ जेले हुँदा

जेले बन्दछ भिन्न, हुन्न पशुझैं जेले छ ऊ मौलिक

जेजे बन्छ उदात्त उन्नत सधैँ जेले छ ऊ बौद्धिक । (पृ.६७६)

प्रस्तुत कवितांशमा शान्त रस आएको छ । जहाँ कविले मान्छेको पहिचानलाई बाह्य भिन्नता (जस्तैः जात, रूप, रङ) बाट होइन आन्तरिक उदात्त गुण मानवतामा खोजेका छन् । विभाव पक्षमा यहाँ आलम्बन विभाव कविको आदर्श मानव कल्पना हो । यो मानव जसको अस्तित्व मानवतालाई उचाल्ने मौलिक र बौद्धिक गुणले भरिएको छ । उद्दीपन विभावका रूपमा मानवता सुनझैं चम्किनु, उदात्त र उन्नत बन्नु जस्ता उज्याला छविहरूले पाठकको मनमा उच्च, शान्त र प्रेरणादायी भाव सिर्जना हुन्छ । कविले पशुझैं आक्रोशपूर्ण भाव व्यक्त गरे तापनि यथार्थ र आदर्शको समन्वयले कवितांश पक्तिबद्ध भएको छ । कविले मान्छेको पहिचानलाई सतही भिन्नता भन्दा माथि राख्दै मानवीय गुण तथा जातिलाई केन्द्रमा राख्ने शान्त र विवेकपूर्ण दृष्टि व्यक्त गरेका छन् जुन बाह्य भाव भङ्गि र शब्द चयनबाट प्रकट हुन्छ । मानवता चुलिने भविष्यको अपेक्षा, भिन्नतामा टुटफुट हुने चेत, उदात्त र उन्नत बन्ने आकाङ्क्षा, मौलिक राख्ने अटलताजस्ता सञ्चारी भावले पाठकको मनमा शान्त जागृत गराएको छ । कविले विभेद, विद्वेष र पशुत्वको निषेध कुरा गरेका छन् ती क्रोध वा आक्रोशको स्वरमा होइन, विवेक, करुणा र सहअस्तित्वको स्वरमा आएका छन् । यही विवेकपूर्ण र उदात्त दृष्टिले पाठकलाई आन्तरिक शान्तिमा पुयाउँछ, जसले शान्त रसको स्पष्ट अनुभव हुन्छ ।

**वीर रसको अभिव्यक्ति**

युद्ध, दया, दान र धर्मसम्बन्धी कार्य आदिमा विशेष उत्साह र सक्रियतापूर्वक काम भयो भने वीर रसको उत्पत्ति हुन्छ । वीर रसको स्थायी भाव उत्साह हो (थापा, २०८०, पृ. २२३) । मानवमनमा रहेका उत्साहसम्बद्ध प्रकाशित गर्ने भावलाई वीर रस भनिन्छ । उत्साह स्थायी भावका रूपमा रहने वीर रसमा आलम्बन विभावअन्तर्गत आफ्ना सामू रहेको शत्रु प्रतिरोधी वा प्रतिस्पर्धीको उपस्थिति हुने गर्दछ । उद्दीपन विभावका रूपमा शत्रु वा प्रतिस्पर्धीको अनुकार्यका स्थानमा घटित हुने गर्दछन् (रेग्मी, २०२३, पृ. १५६) । अर्काको उन्नति, प्रगति हेर्न नसक्ने उन्नतिले गर्दा व्यक्तिमा हानी पुऱ्याउने चेष्टा जस्तै; आवेग, धैर्य, दया, स्मृति आदि सञ्चारी भावका रूपमा आएका हुन्छन् । यहाँ औद्योगिक, कलकारखाना, शिक्षा, संस्कारको उर्वर भूमिका रूपमा धैर्य र साहश प्रकट भएर वीर रसको रूपमा तलको कविता आएको छ ।

रोप्दै उर्वर खेतफाँटमा जनका धन्सार भर्दै छु म

पिट्दै आरनमा फलाम – सृजना तैयार गर्दै छु म

कार्खाना घरमा म पोख्छु पसिना – उद्योग नौलो म हुँ

विद्या छर्छु , पढाउँदै छु गुरु भै – शिक्षा सुनौलो म हुँ । (पृ. ६७६)

माथिको पङ्क्तिमा वीर रस स्पष्ट रूपमा आएको छ । वीर रसको स्थायी भाव उत्साह हो, जसले सक्रियता, पराक्रम र कार्य सफलताको चेतना जन्माउँछ । यहाँ आलम्बन विभाका रूपमा कवि स्वयम् आएको छ । देश र समाजको

उत्थानका लागि उर्जाशील समय कृषि, उद्योग र शिक्षा क्षेत्रमा खर्चिएका छन् । उद्दीपन विभावका रूपमा रोप्दै उर्वर खेतफाँट पिट्दै आरनमा फलाम, कार्खाना घरमा पसिना पोख्नु, गुरु भई विद्या छर्नु जस्ता क्रियाशील, श्रमप्रधान र उत्पादनमूलक क्रियाकलापहरू आएका छन् । जसले पाठक वा स्रोताको मनमा शक्ति र कर्मप्रेरणा जगाउँछन् । यस अंशमा गौरवको स्पष्टता छ । विभाव राष्ट्रप्रेम , श्रमप्रतिको गौरव प्रस्ट आएको छ । विभाका रूपमा राष्ट्र-प्रेम छर्दै छु म हो भने अनुभावमा कर्मठता र आत्मनिर्भरता श्रमको प्रतिबद्धता प्रकट छ । सञ्चारी भावलाई हेर्ने हो भने उत्साह मुख्य भए पनि त्यसलाई, धैर्य, गरिमा र सङ्कल्पले कवितामा थप ऊर्जा दिएको छ । फाँटमा आफ्नो श्रम गरेर नै राष्ट्र र राष्ट्रियताप्रति सुनौलो किरण छर्छु भन्ने दृढ सङ्कल्प यस अंशमा पाइन्छ । यसरी आलम्बन, उद्दीपन, अनुभावहरूको समुच्चयले स्थायीभाव उत्साहलाई उद्दीप्त गर्दै पाठक/ भावकका मनमा सक्रियता, श्रमको गौरव र सामाजिक योगदानप्रति गर्वको अनुभूति गराउँछ त्यसैले यस अंशमा वीर रसको प्रयोग भएको छ ।

**रौद्र रसको अभिव्यक्ति**

शत्रुको अपमानपूर्ण व्यवहार देश र धर्मको अपकार एवम् अपमानबाट रौद्र रसको अभ्युदय हुन्छ । रौद्र रसको स्थायी भाव क्रोध वा रिस हो । अनिष्ट काम गर्ने विरोधी वा शत्रु आलम्बन विभाव हो । विपक्षीका अनुचित व्यवहार, बोली आदि उद्दीपन विभाव हुन् । आँखा र मुख रातो पार्नु, ओठ टोक्नु, दाँत कटकटाउनु, आँखीभुइँ खुम्च्याउनु, हतियार समाउनु आदि अनुभाव र कठोरता उग्रता, स्मृति, आवेग, मद, अर्मष, असूया आदि व्यभिचारी भाव हुन् (उपाध्याय, २०१५ पृ. ८६) । आत्मीय जनको अपमान, ईर्ष्या, अहङ्कार, द्वेष, प्रतिशोध लिने भावना व्यक्त भएमा रौद्र रस हुन्छ । समाज सुधार र राष्ट्र निर्माणको प्रतिज्ञा गर्ने उद्देश्यले तलको कविता उद्धृत भएको छ ।

मैले गोड्नु छ झार -द्वेषपथका ईर्ष्या, अहङ्कारका

मैले तोड्नु छ बारबन्धन सबै निम्छ्रा कुसंस्कारका

मैले कोर्नु छ मार्गचित्र अबको नेपाल चम्काउन

त्याग्नै पर्दछ स्वार्थ - न्याय, सुखको संसार जन्माउन । (पृ. ६७७)

प्रस्तुत अंशमा रौद्र रस सँगसँगै आंशिक रूपमा वीर रस र शान्त रस आएको छ । यहाँ क्रोध, आक्रोश अन्याय र कुसंस्कारप्रति विद्रोही चेतनाको रूपमा रौद्र रस आएको छ । रौद्र रसको स्थायी भाव क्रोध हो र त्यो क्रोध व्यक्तिगत शत्रुप्रति नभई समाजमा फैलिएको द्वेष, ईर्ष्या, अहङ्कार र कुसंस्कारजस्ता नकरात्मक शक्तिहरूमाथि लक्षित छ । आलम्बन विभावका रूपमा कवि स्वयम् सचेत नागरिकको संवाहक बनेर प्रस्तुत भएका छन् जसले नकरात्मक ऊर्जालाई निर्मूल पार्ने काम गर्छ । उद्दीपन विभावका रूपमा द्वेषपथका कुसंस्कार, ईर्ष्या, अहङ्कार, बारबन्धन र निम्छ्रा कुसंस्कार जस्ता प्रतीकात्मक शब्दहरूले अन्याय र अन्धविश्वासको कुरुपतालाई चित्रण गर्छ, जसले (क्रोध) रौद्रलाई उद्दीप्त पार्छ । अनुभाव कविको दृढ विश्वास हो । आदेशात्मक रूपमा क्रोधलाई मात्र देखाउँदैन त्यसलाई कार्य परिवर्तनमा रूपान्तरण गर्ने इच्छाशक्ति पनि देखाउँछ । गोड्नु छ, तोड्नु छ, कोर्नु छ, त्याग्नै पर्दछ जस्ता सक्रिय, साहसी र निर्णायक क्रियाहरू केवल क्रोधको अभिव्यक्ति मात्र होइन, कार्यान्वयनको  सङ्कल्प पनि हुन् । अन्याय र कुसंस्कारसँग जुध्ने, नयाँ नेपाल निर्माण गर्ने इच्छाशक्ति वीर रसको स्थायीभाव उत्साहसँग मेल खान्छ । अंशको अन्तिम लक्ष्य न्याय सुखको संसार जन्माउनु हो,

जुन सद्भाव र शान्तिपूर्ण अवस्थाको चाहनामा आधारित छ। यहाँ क्रोध र वीरताको माध्यमबाट अन्ततः एक स्थिर, शान्त र समतामूलक समाजमा पुग्ने लक्ष्य राखिएको छ। जसले शान्त रसको स्थायीभाव शम / निर्वेदलाई सूचित गर्छ। यस अंशमा रौद्र रसले गलत शक्तिहरूलाई चुनौती दिदै वीर रसले त्यससँग जुध्ने ऊर्जा दिएको छ र शान्त रसले अन्तिम रसको आदर्श चित्रण गरेको छ। यी तीनै रसहरू मिलेर यसको भावनात्मक प्रभाव अझ अर्थपूर्ण बनेको छ।

**निष्कर्ष**

रामप्रसाद ज्ञवालीको 'मान्छेको पहिचान र म' कविता र त्यसमा अभिव्यक्त रसविधानलाई केन्द्रविन्दु बनाई मूल्याङ्कन गरिएको छ। कवितामा मूल समस्या जात, भाषा, रङ, भौगोलिक विभाजनभन्दा माथि उठेर मानवताको मौलिक पहिचान, श्रम र समावेशी चेतनालाई स्थिर रूपमा प्रस्तुत गरिएको छ। कविता सामाजिक एकता, श्रमको सम्मान, राष्ट्रिय उत्थान र कुसंस्कार विरुद्धको विद्रोही चेतनामा आधारित छ। सैद्धान्तिक आधारका रूपमा भरतमुनिद्वारा प्रतिपादित रससूत्रलाई अवलम्बन गरी विभाव, अनुभाव र सञ्चारी भावका आधारमा रसको विश्लेषण गरिएको छ। कवितामा मुख्यतः शान्त रस प्रधान छ भने सहायक रसका रूपमा वीर र रौद्र रस पनि प्रभावकारी रूपमा आएका छन्। वीर रसले श्रम, साहस र कर्मप्रेमको ऊर्जा प्रकट गर्दछ, जसले राष्ट्रनिर्माणको सक्रिय भावना जगाउँछ। रौद्र रसले अन्याय, द्वेष, अहङ्कार र कुसंस्कार विरुद्धको आक्रोशलाई सृजनात्मक परिवर्तनको दिशामा मोडेको छ। यी दुवै सहायक रसहरूले मुख्य शान्त रसको भावनात्मक गहिराइलाई थप मजबुत बनाएका छन्। यसरी कवितामा आलम्बन, उद्दीपन, अनुभाव र सञ्चारी भावहरूको सन्तुलित प्रयोगले स्थायी भावलाई उद्दीप्त गर्दै बहुपहिचानयुक्त, समावेशी र न्यायपूर्ण समाज निर्माणको आदर्श प्रस्तुत गरिएको छ। अतः 'मान्छेको पहिचान र म' कविता रसविधानको सन्तुलित प्रयोगमार्फत केवल काव्यिक सौन्दर्यको नमुना मात्र नभई सामाजिक परिवर्तन, राष्ट्रिय चेतना  र मानवीय एकताको जीवन्त प्रस्तुत गरिएको छ।

**सन्दर्भ सामग्री**

उपाध्याय, केशवप्रसाद (२०५९). *साहित्यप्रकाश.* (छैटौँ संस्क.), ललितपुर : साझा प्रकाशन।

उपाध्याय, केशवप्रसाद (२०७९). *पूर्वीय साहित्यसिद्धात.* (छैटौँ संस्क.), ललितपुर : साझा प्रकाशन।

उपाध्याय, धनकृष्ण (सन् २०१५). *अश्वत्थामा नाट्यकाव्यमा र संविधान.* TMC Journal , pp. 80 - 992.

एटम र गौतम (२०७४). *प्रज्ञा आधुनिक नेपाली कविता.* काठमाडौंः नेपाल प्रज्ञा-प्रतिष्ठान।

थापा, मोहन हिमांशु (२०८०). *साहित्य परिचय.* (सातौ संस्क.), ललितपुर : साझा प्रकाशन।

पौडेल, माधवप्रसाद (२०६८). *साहित्यशास्त्र नेपाली समालोचना र शोधविधि.* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार।

भट्टराई, रामप्रसाद (२०६९). *पूर्वीय पाश्चात्य र नेपाली समालोचना.* काठमाडौं : शुभकामना प्रकाशन।

भट्टराई, गोविन्दप्रसाद (अनु.). (२०७७). *भरतमुनिको नाट्यशास्त्र.* काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान।

रेग्मी, रेखा (सन् २०२३). *पागल कवितामा र संविधान.* Sahayatra, -66_,  pp. 147  - 162

शर्मा र लुइटेल (२०७६). *पूर्वीय र पश्चात्य साहित्य सिद्धान्त* (पाँचौ संस्क.), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार।